हरिपुर्वा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ९ मितिः २०७६।१०।१५

**भाग-२**

**हरिपुर्वा नगरपालिका**

## हरिपुर्वा नगरपालिका
## साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास
## कार्यक्रम संचालन कार्यविधि, २०७६

**कार्यपालिकाबाट पारित मिति : २०७६।१०।१० गते**

**प्रमाणिकरण मिति : २०७६।१०।१०**

### खण्ड १. पृष्ठभूमि

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगतका ४ वटा सम्भागहरुमध्ये प्रथम सम्भागको रुपमा रहेको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा परियोजनाको दस्तावेजमा उल्लेख भएको व्यवस्था बमोजिम हरिपुर्वा नगरपालिकाले अर्को कानूनी व्यवस्था नभए सम्मका लागी साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ तयार गरी लागु गरेको छ ।

### खण्ड २. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

**२.१** यो कार्यविधिको नाम साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि, २०७४ रहेको छ ।

२.२ यो कार्यविधि स्विकृत भएको मितिबाट लागु हुनेछ ।

२.३ विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "परियोजना " भन्नाले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना सम्झनु पर्दछ।

(ख) "पकेट" भन्नाले राष्ट्रिय आवश्यकता र स्थानिय सम्भाव्यताका आधारमा सम्भाव्य वाली/ वालीवस्तुमा न्यूनतम १० हेक्टरमा वा मौरीको हकमा न्यूनतम ५०० आधुनिक घारमा मौरीपालन गर्ने र कन्य तथा गोब्रे च्याउको हकमा न्युनतम १००० के.जि. वीउ उपयोग गरी खेती गरिने वा शिताके च्याउको हकमा न्युनतम १०००० मुढामा खेती गरिने वा प्लाष्टिक घरमा गरिने खेतीको हकमा कम्तिमा १ हेक्टर क्षेत्रफलमा फैलिएको प्लाष्टिक घरहरु भएको वा माछापालनको हकमा न्यूनतम ६ हेक्टर जलाशय क्षेत्रफलमा फैलिएको वा ट्राउट माछाको हकमा न्युनतम १५०० वर्ग मिटर जलासय क्षेत्रफलमा फैलिएको नगरस्तरमा संचालन गरेको साना व्यवसायिक उत्पादन केन्द्र सम्झनु पर्दछ।

(ग) "समिति" भन्नाले सम्बन्धित पकेट संचालक समिति सम्झनु पर्दछ।

(घ) "कार्यदल" भन्नाले यसै कार्यविधिको दफा ४.४ बमोजिमको कार्यदल सम्झनु पर्दछ।

(ङ) "व्यवसायिक खेति" भन्नाले कम्तिमा देहाय बमोजिमको खेती गरेको सम्झनु पर्दछ।

| वाली | क्षेत्रफल | | | कैफियत |
|---|---|---|---|---|
| | उच्च पहाड | मध्य पहाड | तराई | |
| खाद्यान्न वाली | ५ रोपनी | ५ रोपनी | १० कठ्ठा | |
| तरकारी वाली | २ रोपनी | ३ रोपनी | १० कठ्ठा | |
| माछा | १०० वर्ग मिटर | २ रोपनी | ६ कठ्ठा | जलाशाय |

| बाली | क्षेत्रफल | | | |
|---|---|---|---|---|
| | उच्च पहाड | मध्य पहाड | तराई | कैफियत |
| मौरी | १० | २० | २० | आधुनिक घार |
| कन्य र गोंब्रे च्याउ | | १० के.जी. | १० के.जी. | वीउको प्रयोग |
| सिताके च्याउ | ५०० मुढा | ५०० मुढा | ५०० मुढा | |
| फलफुल | १ रोपनी | १ रोपनी | ५ कठ्ठा | |
| अलैची | ५ रोपनी | ५ रोपनी | - | |
| अदुवा/वेसार | १ रोपनी | २ रोपनी | ५ कठ्ठा | |
| ट्राउट माछा | १०० वर्ग मिटर | १०० वर्ग मिटर | | |
| प्लाष्टिक घर | ३०० वर्ग मिटर | ३०० वर्ग मिटर | ३०० वर्ग मिटर | |

**खण्ड ३. उद्देश्य**

कृषि क्षेत्रको आधुनिकीकणमा योगदान पुऱ्याउने साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) हरु विकास गरी छनौट गरिएको बाली/बस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्धि तथा रोजगारी श्रृजना गरी कृषकहरुको आम्दानी बृद्धि गर्नु यस कार्यक्रम संचालनको उद्देश्य रहेको छ ।

## खण्ड ४. पकेट निर्माण/छनौट/प्रक्रिया

४.१ पकेट क्षेत्र निर्माणका लागि देहायका सेवा /सुविधा/पूर्वाधारहरु भएको हुनु पर्नेछ ।

क) सडकको पहुँच भएको वा हुन सक्ने

ख) सिँचाईको उपलब्धता भएको वा हुनसक्ने

ग) विद्युतको उपलब्धता भएको वा हुनसक्ने

घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

ङ) वित्तीय संस्थाहरुको पहुँच भएको वा हुनसक्ने

च) कृषि सेवा केन्द्रसंगको पहुँच भएको

४.२ यस परियोजना अन्तरगत प्रथम बर्ष अर्थात आ.ब.२०७६।०७७ का लागि नगरपालिकाका सबै ९ वडाहरुमध्ये उल्लेखित पूर्वाधारहरु भएको पकेटहरु संचालनमा रहनेछन । आगामी बर्षहरुमा सम्भाव्यता र मागका आधारमा पकेट संख्या बृद्धि गर्दै लगिने छ । पकेट कार्यक्रम संचालन गर्ने सम्बन्धमा नगरपालिकाले सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

४.३ नगरको प्राथमिकता प्राप्त बाली संचालनमा रहेको/रहने ब्लक/जोन//सुपर जोनका बाली/बस्तुमा नगर लक्षित कुल पकेट संख्याको कम्तीमा ५० प्रतिशत र नगरको आवश्यकता र सम्भाव्यताका आधारमा अन्य बाली/बस्तुमा बाकीं ५० प्रतिशत पकेटहरु हरिपुर्वा नगरपालिकाको कृषि शाखा मार्फत संचालन गरिनेछ ।

४.४ दफा ४.३ बमोजिम पकेट निर्माण गर्दा भौगोलिक तथा प्राविधिक सम्भाव्यता र माटोको उर्वराक्तिका आधारमा प्रत्येक वडामा तोकिएका बाली/बस्तुका पकेटहरु निर्माण गर्न चाहने कृषक समुह/कृषि कार्यमा संलग्न सहकारी/कृषि उद्यामीहरु/जल उपभोक्ता समितिको आवेदन माग गरी सूचि तयार गरिनेछ । सूचीकृतहरु मध्येबाट

आवश्यक संख्यामा पकेट छनौटका लागि नगरस्तरमा सम्बन्धित विषय विशेषज्ञ वा तोकिएको प्राविधिकको संयोजकत्वमा आवश्यकता अनुसार सदस्यहरु रहने एक प्राविधिक कार्यदल बनाईनेछ । उक्त कार्यदलले तोकेका सूचकहरु र स्थलगत प्रमाणिकरण समेतका आधारमा सिफारिश गरे अनुरुप पकेट क्षेत्रको छनौट नगर कार्यपालिकाले गर्नेछ । यसरी पकेट क्षेत्र संचालन गर्न छानिएका कृषक समूह/सहकारी/कृषि उद्यमी/ जल उपभोक्ता समितिहरुको प्रतिनिधित्व रहने दफा ५.१ अनुसारको पकेट संचालन समिति र प्रथम नगर सभाबाट कृषि विकास कार्यक्रम अन्तर्गत तोकेका कार्यक्रम संचालनका लागि एक सम्झौता हुनेछ । समिति गठन गर्दा आवश्यकताका आधारमा एक भन्दा बढी समूह/कृषि सहकारी/उद्यमी/जल उपभोक्ता समितिहरुको समेत प्रतिनिधित्व रहने व्यवस्था गर्न सकिनेछ । संचालन गरिने कार्यक्रमका सम्बन्धमा हरिपुर्वा नगरपालिका स्थित कृषि विकास शाखाको समन्वयमा सम्बन्धित पकेट संचालक समितिले सम्बन्धित पकेट क्षेत्रका कृषक/कृषक समूह/कृषि सहकारी/ जल उपभोक्ता समिति/कृषि उद्यमीहरुको मागमा आधारीत कार्यक्रमहरुको प्रस्तावना तयार गरी सोही बमोजिम सम्झौता गरिने छ ।

## खण्ड ५. पकेट संचालन प्रक्रिया

५.१ पकेट संचालनका सम्बन्धमा नगरपालिकाको कृषि विकास शाखासंग भएको सम्झौता बमोजिमका कार्यहरु संचालन गर्ने सम्बन्धमा खण्ड ४ बमोजिम स्थापना भएको पकेट क्षेत्रको व्यवस्थापनका लागि सम्बन्धित कृषक समूह/सहकारी/कृषि उद्यमी/जल उपभोक्ता समितिहरुको प्रतिनिधित्व रहने गरी कम्तिमा ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय पकेट संचालक समिति गठन गरिनेछ । यसको लागी पकेट क्षेत्र छनौट भएपछी पकेट भित्र रहेका कृषक समूह/सहकारी/कृषि उद्यमी/जल उपभोक्ता समितिहरुलाई पकेट संचालक समिति गठनको लागि ७ दिनको म्याद सहित पत्राचार मार्फत वा अन्य स्थानीय संचार माध्यम मार्फत आब्हान गरिनेछ । कार्यदलको सिफारिश अनुसार एक भन्दा बढी आवेदकहरुलाई संयुक्त रुपमा समिति गठनको लागि समेत अनुरोध गर्न सकिने छ । तोकिएको अवधिमा समिति गठन भई नआएमा नगर प्रमुखले सहजिकरण गरी १५ दिन भित्र समिति निर्माण गर्न सक्नेछ । समितिको सदस्यहरु सम्बन्धित बाली/बस्तुको व्यवसायिक खेतीमा अनिवार्य संलग्न भएको हुनुपर्नेछ । उक्त समितिमा संयोजक, उप संयोजक, सचिव र सहसचिव एक-एक जना र बाँकी ५ जना सदस्य रहनेछन्, पकेट संचालक समितिको प्रमुख कार्यकारी पदहरुमा कम्तिमा १ जना महिला हुनु पर्नेछ । कृषि विकास रणनिती (ADS) ले परिकल्पना गरे बमोजिमको सामूदायिक कृषि प्रसार सेवा केन्द्र (CAESC)प्रमुख वा उक्त सेवा केन्द्र गठन नहुन्जेल सम्मका लागी सम्बन्धित कृषि विकास शाखा प्रमुख समितिको पदेन सदस्यको रुपमा रहनेछ । नेपाल सरकारको श्रोतबाट संचालन गरिने कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पादन प्रतिवेदन तयार गर्दा निजको सहमति अनिवार्य रहनेछ । संविधानको भावना अनुरुप स्थानीय तह गठन भैसकेको अवस्थामा यस परियोजना अन्तर्गतका कार्यक्रमहरु स्थानीय तहमा हस्तान्तरण गर्ने भन्ने समेत परियोजना दस्तावेजमा उल्लेख भएको सन्दर्भमा सम्बन्धित स्थानीय तहमा हस्तान्तरण भै आएमा सो को आवश्यक व्यवस्थापन स्थानीय तहबाटै गरिनेछ । सम्बन्धित सरोकारवाला निकायहरुको प्रतिनिधी समितिको सल्लाहकारका रुपमा रहने छन । कानून बमोजिम दर्ता भएका कृषि उद्यमी, कम्पनी वा फर्मको हकमा सोही कृषि उद्यमी, कम्पनी वा फर्मका संचालकनै पकेट संचालन समितिको

भूमिका निर्वाह गर्नेछन् । यस्तो अवस्थामा कृषि सेवा केन्द्र प्रमुख उक्त सञ्चालक समितिको सल्लाहकारको रुपमा रहने छ र नेपाल सरकारको श्रोतबाट संचालन गरिने कार्यक्रमको प्रस्तावना तयार गर्दा र कार्य सम्पन्न प्रतिवेदन पेश गर्दा यथा संभव निजको सहमती रहनेछ ।

**५.२ पकेट संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) पकेट संचालनका लागि आवश्यक उत्पादन सामग्रीहरुको परिमाण, श्रोत र लागतको अनुमान गर्ने । बाली चक्रको लागी उत्पादन योजना सहितको प्रस्तावना तयार गर्ने ।

ख) कृषि विकास शाखा हरिपुर्वाको समन्वयमा आवश्यक उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने ।

ग) पटके क्षेत्रमा संचालन गरिने कार्यक्रम कार्यान्वयन गर्ने र आवश्यक समन्वयन गर्ने ।

घ) पकेटलाई व्यवस्थित रुपमा संचालनका लागी आधार तयार गर्ने, संलग्न कृषक समुह/सहकारी/जल उपभोक्ता समुह/ कृषि उद्यमीहरु लगाएतसंग निरन्तर सम्वाद र सहकार्य गर्ने ।

ङ) मासिक रुपमा कृषि सेवा केन्द्र  मार्फत नगर कार्यपालिकाको कार्यालयमा प्रगति प्रतिवेदन पेश गर्ने ।

च) पकेट निर्माण, व्यवस्थापन, संचालन र अनुगमनका सन्दर्भमा अन्य सबै आवश्यक कार्यहरु गर्ने ।

छ) संचालक समितिको बैठक कम्तिमा महिनाको १ पटक अनिवार्य रुपमा र आवश्यकताअनुसार अन्य समयमा समेत बस्न सक्नेछ । बैठकमा समिति बाहिरका सम्बन्धित प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

ज) पकेट संचालन सम्बन्धि आन्तरिक आचारसंहिता आवश्यक भएमा तयार गरी पालना गर्ने गराउने ।

झ) कार्यक्रमको दिगोपनको लागि समितिको अवधि र समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधी समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ । तर समितिका पदाधिकारी र सदस्यहरुको पदावधी २ बर्ष भन्दा बढी हुने छैन । समितिले आवश्यक विनियम तयार गरी सोही बमोजिम समितिका पदाधिकारी तथा सदस्यहरुको चयन गर्नेछ । समितिमा एकै परिवारबाट एक भन्दा बढी व्यक्ति रहन सक्ने छैन र एकै व्यक्ती लगातार एक कार्यकाल भन्दा बढी एकै पदमा रहने सक्ने छैन । तर सदस्यको हकमा यो व्यवस्था लागु हुने छैन । समितिले आवश्यक विनिमय तयार गरी सोही बमोजिम समितिका पदाधिकारी तथा सदस्यहरुको चयन गर्नेछ । समितिमा एकै परिवारबाट एक भन्दा बढी व्यक्ति रहन सक्ने छैन । तर सदस्यको हकमा यो व्यवस्था लागु हुने छैन ।

ञ) समिति गठन भएको ६ महिना भित्र उक्त समिति हरिपुर्वा नगर कार्यपालिकाको कार्यालयमा निर्धारित प्रकृया अनुरुप दर्ता हुनु पर्नेछ । उक्त समितिको नियमित नविकरण गर्ने जिम्मेवारी समितिको हुनेछ ।

ट) पकेट स्तरमा संचालन हुने सम्पुर्ण क्रियाकलाप र आर्थिक कारोवार प्रचलित कानुन बमोजिम व्यवस्थापन गर्ने तथा जिम्मेवारी बहन गर्ने ।

ठ) पकेट क्षेत्रमा उत्पादित बस्तुको मुल्य निर्धारण, बजारिकरण, प्रशोधन लगाएतका क्रियाकलापहरुको मापदण्ड निर्धारण गरी व्यवस्थित गर्ने ।

ड) समिति मार्फत सञ्चालन गरिने आर्थिक कारोबारहरुको लेखा व्यवस्थापन तथा लेखा परीक्षण प्रतिवेदन तयार गर्ने ।

ढ) पकेट क्षेत्रमा आवश्यक अन्य व्यवस्थापकीय कार्यहरु गर्ने ।

५.३ नगरपालिकाबाट प्रदान गरिने वस्तुगत सहयोग सामान्यतया पकेट शुरु भएको ३ वर्ष सम्मका लागी कायम रहनेछ ।

तर सम्बन्धित नगर कृषि विकास शाखाले वाली वस्तुको प्रकृति र आवश्यकताका आधारमा अवधि थप समेत गर्न सक्नेछ ।

## खण्ड ६. संचालन गरिने कार्यक्रम

**६.१ नगरस्तरबाट पकेटस्तरमा परियोजना अभिमुखिकरण :**

हरिपुर्वा नगर कार्यपालिका कार्यालयले पकेट क्षेत्रका कृषक, कृषक समुह, कृषि सहकारी, जल उपभोक्ता समूह, कृषि उद्यमी, कृषि उपज बजार व्यवस्थापन समिति, नीजि सेवा प्रदायक लगाएत अन्य सरोकारवाला निकायहरुको उपस्थितिमा परियोजना र पकेट संचालन सम्बन्धमा नगरस्तर र सम्बन्धित पकेट स्तरमा अभिमुखिकरण कार्यक्रम संचालन गर्नेछ ।

६.२ चालु तथा पूँजिगत अनुदान कार्यक्रम

६.२.१ चालु अनुदान

क) उत्पादन प्रविधि प्रदर्शन

हरिपुर्वा नगरपालिकाले सम्बन्धित पकेट क्षेत्रमा सहभागितात्मक नविन उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम लगाएतका प्रविधि हस्तान्तरणका कार्याक्रम संचालन गर्नेछ । प्रविधि हस्तान्तरणमा सत प्रतिशत अनुदान रहनेछ ।

ख) उत्पादन सामाग्री सहयोग

हरिपुर्वा नगरपालिकाले सम्बन्धित पकेट क्षेत्रका लागि उन्नत वीउ/वेर्ना/विरुवा/माछा भुरा/रसायनिक एवं जैविक विषदी/ रसायनिक तथा प्राङ्गारिक मलजस्ता उत्पादन सामग्री सहयोग गर्नेछ । उपरोक्त बमोजिमका उत्पादन सामाग्रीहरुमा हरिपुर्वा नगरपालिकाको तर्फबाट ५० प्रतिशत अनुदान सहयोग हुनेछ भने रसायनिक तथा प्राङ्गारिक मलको हकमा विद्यमान व्यवस्था बमोजिमको अनुदान सहयोग रहनेछ ।

ग) अन्य कार्यक्रमहरु :

यसका अलावा पकेट संचालक समितिको माग र स्थानीय संभाव्यताका आधारमा परियोजना दस्तावेजको मर्म अनुरुपका अन्य चालु खर्च अन्तर्गतका कार्यक्रमहरु समेत तर्जुमा गरी संचालन गरिनेछ । जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिनेछ । परियोजना दस्तावेजमा स्वेच्छिक रुपमा जमिनको एकिकरण गर्ने अवधारणा अवलम्बन गरिएको सन्दर्भमा बार्षिक बजेट तथा कार्यक्रम उल्लेख गरि जमिनको एकिकरणको लागी उत्प्रेरित गर्न अनुदानको व्यवस्था गरिनेछ ।

६.२.२ पूँजीगत अनुदान :

पूँजीगत अनुदान वापत प्रत्येक पकेटका लागि निश्चित बजेट विनियोजन गरिनेछ । विनियोजित बजेटको परिधिभित्र रही पूँजिगत आवश्यकताका क्षेत्रहरु जस्तै मेशिनरी औजार, सिँचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार, प्रारम्भिक प्रशोधन पूर्वाधारहरु (Threshing floor, storage house, collection center) लगाएत पूर्वाधार विकासमा खर्च गर्न सकिनेछ । यस्ता प्रकृतिका पूँजिगत कार्यक्रमहरु संचालन गर्दा मेशिनरी औजारको लागि बढीमा ५० प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढीमा ८५ प्रतिशत, साना सिँचाई पूर्वाधारमा बढीमा ८५ प्रतिशत र

उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत हरिपुर्वा नगरपालिकाको तर्फबाट अनुदान उपलब्ध गराउन सकिनेछ ।

## खण्ड ७. कार्यक्रम अनुगमन/प्रतिवेदन

७.१ नगरभित्र रहेका पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमको आवश्यकता अनुसार  अनुगमन हरिपुर्वा नगरपालिकाका कृषि विकास शाखा, प्रमुख प्रसाशकीय अधिकृत र नगर प्रमुखले गर्न सक्नेछ ।

७.२ विषयगत निर्देशनालयहरुले आ-आफ्नो कार्य क्षेत्रभित्रका बाली/वस्तुका पकेटहरुको र सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुले आवश्यकता अनुसार क्षेत्रीयस्तरका प्रयोगशाला, फार्मकेन्द्रहरु समेत संलग्न गराई आफ्नो अन्तरगतका जिल्लाहरुका पकेटहरुको अनुगमन निरिक्षण गरी पृष्टपोषण सहित कृषि विभाग मार्फत परियोजना व्यवस्थापन ईकाईमा प्रतिवेदन/सुझाव दिनेछन ।

७.३ मासिक, चौमासिक र वार्षिक रुपमा तोकिएको फर्मेट बमोजिमको पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमहरुको प्रगति विवरण हरिपुर्वा नगर कृषि विकास शाखाले नगर प्रमुख समक्ष पेश गर्नेछ ।  चौमासिक र वार्षिक रुपमा पकेट विकास कार्यक्रमको नगरस्तरमा समिक्षा गरिनेछ ।

## खण्ड ८. विविध

८.१ यस कार्यविधीमा उल्लेख भएका बाहेक अन्य कुराहरु विद्यमान नर्म्स, कार्यविधी, निर्देशिका र प्रचलित नियम कानून बमोजिम हुनेछ ।

८.२ आगामी बर्षहरुमा थप हुने पकेट क्षेत्रको संख्या र पकेटहरुमा रहने बाली/बस्तु सम्बन्धी अन्य विषयवस्तुहरु हरिपुर्वा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

अनुसूची - १
(खण्ड ४.२ संग सम्बन्धित)
हरिपुर्वा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
हरिपुर्वा, सर्लाही, २ नं. प्रदेश, नेपाल

**पकेट विकास कार्यक्रम सम्बन्धी सूचना।**

**मिति : ..................**

यस नगरपालिका अन्तर्गत आ.ब.२०७६/०७७ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना न.पा. स्तरिय, साविक गा.वि.स. हरिपुर्वा, बसन्तपुर , धनकौल पुर्व , डुमरिया पुर्व  हाल हरिपुर्वा नगरपालिका अन्तर्गत पकेट कार्यक्रम धान, तरकारी, माहुरी संचालनका लागी नयाँ तथा संचालनमा रहेका पुराना पकेटका समुहहरुवाट निवेदन संकलन गरिने हुँदा आजको मितिबाट १५ दिन भित्र निवेदन दर्ता गराउन हुन सूचना प्रकाशित गरिएको छ।

**संलग्न गर्नु पर्ने कागजातहरु :**

१. निवेदन
२. वडाको सिफारिस
३. योजना प्रस्ताव
४. समूहको प्रमाणपत्रको प्रतिलिपी
५. अन्य आवश्यक कागजातहरु

आज्ञाले,
सकलदेव राय
प्रमुख प्रशासकीय अधिकृत